थबाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

स्थापना २०७३

थबाङ, रोल्पा

५ नं. प्रदेश, नेपाल ।

पत्र संख्या : २०७५/०७६ प्र

मिति: २०७५/१२/२५

चलानी नं : ५०८

विषय: **सूचना। सूचना।। सूचना।।।**

*श्री थबाङ गाउँपालिका,*

*सवै वडाहरु।*

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन २०७५, को दफा ११ रोजगारीको हक सम्बन्धी नियमावली २०७५, को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५, को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७६।०७७ मा यस थबाङ गाउँपालिकामा रहने रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन वरावरको न्यूनतम रोजगारीमा संलग्न भइ सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक वेरोजगार रहेका १८ देखि ५९ वर्ष उमेर समूहका व्यक्तिहरुलाई यहि मिति २०७५ चैत्र मसान्त सम्ममा सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिहरुको सूचीमा सूचिकृत हुन निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को अनुसूची १ बमोजिम हुनुपर्नेछ । निवेदनको लागि फर्म वडा कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिनेछ ।

***संलग्न राख्नु पर्न आवश्यक कागजातहरु***

१ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी
२ शैक्षिक योग्यता भएको हकमा सो प्रमाण पत्रको प्रतिलिपी
३ तालीम तथा सीप हाँसिल गरेको हकमा सो प्रमाणपत्रको प्रतिलिपी
४ अपांगताको हकमा अपागता परिचय पत्रको प्रतिलिपी
५ सम्बन्धीत व्यक्तिको फोटो एक प्रति

***अन्य जानकारीको लागि :***

विष्णु पौडेल, रोजगार संयोजक, थबाङ गाउँपालिका, रोल्पा
सम्पर्क नम्वर ९८६४९२०९४३

२०७५/१२/२६

(रेवत बहादुर बुढाथोकी)

प्रमुख प्रशासकीय अधिकृत